# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन ३० गते २०५९ साल (अतिरिक्ताङ्क ३९ (क)

## भाग ३

### निर्वाचन आयोगको सूचना

**मतदाता परिचयपत्र सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०५९**

मतदाता नामावली सम्बन्धी ऐन, २०५२ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "मतदाता परिचयपत्र सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मतदाता परिचयपत्र सम्बन्धी नियमावली, २०५३ को नियम ३ मा संशोधनः मतदाता परिचयपत्र सम्बन्धी नियमावली, २०५३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :

"(१) ऐन र यस नियमावली बमोजिम मतदाता परिचयपत्र व्यवस्थापन तथा वितरण सम्बन्धमा गर्नुपर्ने कार्यहरू गर्न गराउन आयोगले केन्द्रीयस्तरमा आयोगको वा श्री ५ को सरकारको कुनै अधिकृतलाई केन्द्रीय परिचयपत्र व्यवस्थापन अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारको कुनै अधिकृतलाई नियुक्त गर्दा वा तोक्दा श्री ५ को सरकारको सहमति लिई तोकिनेछ ।"

३. मूल नियमावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ मा रहेका "गर्ने गराउने" भन्ने शब्दहरू पछि "कार्यमा सहयोग गर्ने" भन्ने शब्दहरू थपिएका छन् ।

४. रूपान्तरः मूल नियमावलीको ठाउँ-ठाउँमा प्रयोग भएका "परिचयपत्र व्यवस्थापन अधिकारी" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय परिचयपत्र व्यवस्थापन अधिकारी" र "प्रमुख परिचयपत्र वितरण अधिकारी" भन्ने शब्दहरूको सट्टा "जिल्ला परिचयपत्र व्यवस्थापन अधिकारी" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
654